कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारको मिति २०७९।१२।२६ को (मा. मन्त्रीस्तर) निर्णयबाट स्वीकृत

## प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र तथा अन्तरगतका कार्यालयहरुको

## Term of References

प्लाण्ट क्वारेन्टाइन तर्फ

- बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४ र बिरुवा संरक्षण नियमावली, २०६६ को कार्यान्वयन गर्ने गराउने ।
- ऐन तथा नियमावलीमा तोकिएका कार्य सम्पादनका लागि आवश्यक कार्यविधि/निर्देशिका/मापदण्ड तथा प्रोटोकल तयार गरी स्वीकृत भए अनुसार लागु गर्ने गराउने ।
- बिरुवा स्वस्थतासँग सम्बन्धित सरकारी निकाय/अनुसन्धान संस्था/विश्वविद्यालय तथा नीजि क्षेत्र लगायतका निकायहरुसँग अन्तर निकाय समन्वयको औपचारीक संयन्त्रहरु स्थापना एवं कार्यान्वयन गर्ने गराउने ।
- बिरुवाजन्य वस्तुहरुको अन्तरराष्ट्रिय व्यापारको क्रममा नेपालको सिमा क्षेत्र भित्र रहेका वानस्पतिक/जैविक विविधताको स्वास्थ्यमा पर्न सक्ने जोखिमलाई न्यूनिकरण गरी स्वस्थ वस्तुहरुको व्यापार सहजीकरण गर्ने ।
- क्वारेन्टाइन सम्बन्धी नीति निर्माण गर्ने तथा राष्ट्रिय आयातका शर्तहरु तयार गरी लागु गर्ने गराउने ।
- पैठारी हुने बिरुवा तथा बिरुवाजन्य वस्तुहरुको नियमित रुपमा शत्रुजीव जोखिम विश्लेषण एवं पुनरावलोकन गर्ने ।
- देश भित्र रहेका शत्रुजीवहरुको सूचि तयारी, अद्यावधिक गर्ने गराउने तथा शत्रुजीवहरुको अवस्थावारे जानकारी राख्ने र त्यसका आधारमा निर्यात बजारको लागि आवश्यक सूचना संकलन गर्ने ।
- व्यापार नाकाहरुमा स्थापना भएका प्लाण्ट क्वारेन्टाइन कार्यालयहरु सञ्चालन एवं व्यवस्थापन गर्ने ।
- अन्तरराष्ट्रिय बिरुवा संरक्षण महासन्धी (IPPC) तथा एशिया प्रशान्त क्षेत्रीय बिरुवा संरक्षण नियोग (APPPC) को Focal Point को रुपमा रही निर्दिष्ट कृयाकलापहरु संचालन गर्ने ।
- बिरुवा संरक्षण संगठनका रुपमा रही उल्लेखित ऐनद्वारा तोकिएका कृयाकलापहरुलाई कार्यान्वयन गर्ने ।
- मुलुक भित्र नियमित गर्नुपर्ने नन क्वारेन्टाइन शत्रुजीवहरु पहिचान गरी तिनको आवागमन, नियन्त्रण तथा व्यवस्थापन गर्नका लागि प्रदेश तथा स्थानिय तहहरुको माग अनुसार आन्तरिक क्वारेन्टाइन लागु गर्न प्राविधिक सहयोग गर्ने ।
- Emerging Pest, Invasive Species एवं विभिन्न Quarantine pest हरुको वारेमा सचेतना सम्बन्धी कार्यहरु गर्ने गराउने ।

गोविन्द प्रसाद शर्मा
सचिव

- केन्द्रीय बिरुवा स्वस्थता तथा निदान प्रयोगशालालाई National Reference/Referral Laboratory को रुपमा सञ्चालन गरी पैठारी हुने वस्तुहरुको बिरुवा स्वस्थताको सुनिश्चितताका लागि आवश्यक प्रयोगशाला परिक्षण, निदान, प्रमाणीकरण तथा आवश्यकता अनुसार Notification of Non Compliance जारी गर्ने ।
- आवश्यकता अनुसार पोष्ट इन्ट्री सर्भे तथा क्वारेन्टाइन कार्य गर्ने गराउने ।
- निकासी हुने वस्तुहरुको पैठारी हुने राष्ट्रको आवश्यकताका आधारमा बिरुवा स्वस्थता प्रमाणीकरण गर्ने ।
- जैविक सुरक्षा तथा बिरुवा स्वस्थता सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने गराउने ।

विषादी पञ्जीकरण तथा व्यवस्थापन तर्फ

- जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ र नियमावली, २०५० कार्यान्वयन गर्ने गराउने ।
- विषादीको आयात, वितरण, उपयोग र व्यवस्थापन सम्बन्धी ऐन तथा नियमावलीमा तोकिएका कार्य सम्पादनका लागि आवश्यक कार्यविधि/निर्देशिका/मापदण्ड तथा प्रोटोकल तयार गरी स्वीकृत भए अनुसार लागु गर्ने गराउने ।
- पञ्जीकरण भएका र प्रतिबन्धित विषादीहरुको सूचना संकलन र प्रवाह गर्ने ।
- विषादी नियन्त्रण र व्यवस्थापनसंग सम्बन्धित अन्तरराष्ट्रिय संघ संस्थासंग सम्पर्क, समन्वय र सहकार्य गर्ने ।
- विषादीको आयात अनुमती र नियमन सम्बन्धी कार्य गर्ने ।
- विषादी गुणस्तर परिक्षण प्रयोगशाला सञ्चालन गर्ने ।

क्वारेन्टाइन कार्यालयहरु

- बिरुवाजन्य वस्तुहरुको आयातका लागि प्रवेश अनुमती पत्र जारी गर्ने ।
- निर्यात गरिने कृषि तथा वनजन्य बालीवस्तुको क्वारेन्टाइन चेकजाँचका आधारमा बिरुवा स्वस्थता प्रमाण पत्र जारी गर्ने ।
- कृषि तथा वनजन्य बालीवस्तुको पैठारीका लागि छोडपुर्जी जारी गर्ने ।

डा. गोविन्द प्रसाद शर्मा
सचिव